# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल


प.सं :- २०७९।८०
च.नं. :- १६५९

मिति.२०८०/०१/०३

विषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री सबै सामुदायीक विद्यालयहरु ।
किस्पाङ गाउँपालिका ।

यस गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८०/०१/०२ को बैठकको निर्णयअनुसार तपसिलमा उल्लेखित निर्णय भएकाले सो अनुसार गर्नु गराउनुहुन आदेशानुसार सूचित गरिन्छ ।

तपसिलः

१. विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तर कायम राख्न विद्यालय परिसरमा पत्रु खाना (Junk Food) निषेध गरि दिवा खाजाको मेनु अनुसारको खाजा अनिवार्य रुपमा विद्यार्थी लाइ खुवाउने निर्देश गरिन्छ ।
२. यसै शैक्षिक सत्र २०८०को सुरुदेखिनै कक्षा एक भन्दा मूनी नर्सरी र एल के.जी कक्षा सञ्चालन गर्ने ब्यवस्था गर्नु गराउनु ।
३. प्रत्येक हप्ताको शुक्रवार अतिरिक्त क्रियाकलाव प्रभावकारी ढंगले गर्नु गराउनु ।
४. प्रत्येक विद्यालयले अनिवार्य रुपमा शैक्षिक क्यालेन्डर निर्माण गरि देखिने स्थानमा टाँस गरि राख्नुपर्ने छ र सोहि क्यालेन्डर अनुसार पठनपाठन गर्नु गराउनु ।
५. विद्यालयमा कार्यरत सवै शिक्षक तथा कर्मचारी हरुले आफ्ना वावुनानिहरुलाई अनिवार्य रुपमा सामुदायीक विद्यालयमा भर्ना गर्नु गराउनु ।
६. बिद्यार्थीहरुले नगद वोकी विद्यालय आउने चलनको अन्त्य गर्न , दिवा खाजालाइ प्रभावकारी वनाउन अभिभावक संग छलफल गरि कडाई पूर्वक लागू गर्नु गराउनु ।
७. विद्यार्थीले नगद बोकी विद्यालय आएमा सम्वन्धित कक्षा शिक्षकले जफत गरि सम्वन्धित विद्यार्थीको अभिभावक लाई फिर्ता गर्ने गराउने ब्यवस्था मिलाउने ।
८. कुने पनि वालवालिका विद्यालयवाट टाढाँहुन नदिन २०८० बैशाख १० गते सम्म प्रभावकारी रुपमा भर्ना अभियान सञ्चालन गर्नु गराउनु ।
९. शिक्षक कर्मचारी विद्यार्थीहरुले विद्यालय समयमा विद्यालय पोषाक र परिचय पत्र अनिवार्य रुपमा प्रयोग गर्ने गराउने ।
१०. प्रत्येक हप्ताको एक दिन बुधवार आफ्नो स्थानीय मौलिकता र सांस्कृतीक पहिचान झल्कने पोषाक लगाउने ब्यवस्था मिलाउने ।जस्तै पुगा ,स्यामा,फेटा,ग्या,नाह्री ,लुङ्गी , चोली, दौरा सुरुवाल,ढाका टोपी ,गुन्यू चोली लगायतका तामाङ भेष, गुरुङ्ग भेष, नेपाली पोषाकहरु विद्यालयले सूचीकृत गरि अनिवार्य गर्ने गराउने ।
११. विद्यालयममा अन्य विषयका विषयगत शिक्षक उपलब्ध भएसम्म अग्रेजी , गणित , विज्ञान विषयका विषगत शिक्षक प्र.अ .को भूमिकामा नरहने ।तर सो विषयका विषयगत शिक्षक एक भन्दा बढी भएमा प्र.अ. को भूमिकामा रहन वाधा पर्ने छैन ।

माथी उल्लेखित निर्देशनहरु २०८० बैशाख मसान्त सम्ममा कार्यान्वयनमा आइसक्नु पर्ने छ अन्यथा अनुगमनका क्रममा पालना नगरी अटेर गरेको पाइएमा नियमानुसार भैजाने ब्यहोरा समेत अबगत गराइन्छ ।

..............................
नारायण प्रसाद खतिवडा
नि. प्रमुख प्रशासकीय अधिकत